




PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक दैनिक

eprateekdaily.com








❖ वर्ष ३५ ❖ २०७८ असोज २६ गते मङ्गलवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2021 October 12 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ५५


## बिलेटमा अन्त:शुल्क बढाउँदा कबाडी व्यवसायीलाई फाइदा

प्रस, परवानीपुर, २५ असोज/

चालू आवको लागि वर्तमान शेरबहादुर देउवाको सरकारले पारित गराएको बजेटमा बिलेट आयातमा २.५ प्रतिशत अन्त:शुल्क बढाएको छ। वीरगंज कोरिडोरमा स्क्रेप गलाउने सबैभन्दा ठूलो क्षमताको उद्योग सर्वोत्तम स्टील, जगदम्बा स्टील, अशोक स्टीललगायत उद्योगहरू सञ्चालनमा रहेकाले नेपालको कबाड सहजै बिक्री काम भइरहेको छ।

एसएस सप्लायर्सले अहिले साइकल र ठेलाबाट सङ्कलन गरिने कबाडलाई ५६ रुपियाँ प्रतिकिलोमा खरीद गरिरहेको छ भने अशोक स्टीललाई किलोमा २५ पैसा थपेर बिक्री गरिरहेको जानकारी गराए। अहिले उनको उद्योगमा छजनाले दैनिकरूपमा रोजगार पाएको र महीनामा न्यूनतमरूपमा ४०/५० टन फलाम खरीद गरी बिक्री वितरण भइरहेको र केही उद्योग तथा ठूला औद्योगिक प्रतिष्ठानको ठूलठूला फलामे मेशिन (कबाडी) खरीद गर्ने योजनामा पनि रहेको उनले बताए।



वीरगंज कोरिडोरमा सञ्चालित कबाडी व्यवसाय। तस्वीरः प्रतीक

जसले गर्दा बिलेट आयात गरी पगालेर डन्डी र फलामजन्य निर्माण सामग्री उत्पादन गर्दा लागत खर्च वृद्धि भएको छ भने स्क्रेप गलाएर बिलेट बनाउने उद्योगहरूलाई फाइदा पुगेको छ।

यसको असर वीरगंज कोरिडोरको कबाडी व्यवसायमा सकारात्मकरूपले परेको व्यवसायीहरूले बताएका छन्।

बारा, परवानीपुर-३ लिपनीमालमा रहेको विगत छ महीनामा सञ्चालनमा आएको एसएस सप्लायर्सका सञ्चालक सौरभ अग्रवालका अनुसार पहिलेभन्दा कबाडी सङ्कलन र नेपालमैं सहजै बिक्री वितरण हुन थालेपछि व्यवसाय बढाउँदै गएको बताए। उनका अनुसार सरकारको उदासीनताको कारण नेपालमा सङ्कलित भएका कबाडहरू भारत निकासी गर्नुपर्थ्यो। निकासी गर्दा प्रहरी प्रशासनको मिलीभगत तथा भन्सारको झन्झटिलो प्रक्रियाले सयौं व्यवसायीले झन्झट बेहोर्नुपरेको थियो। तर अहिले हुने र भारत निकासीभन्दा नेपालमैं बजार पाएको भन्दै नयाँ लगानीकर्ता पनि यो व्यवसायमा आउन थालेको बताए। उनका अनुसार साइकल र ठेलामा सङ्कलन गरिएको कबाडीलाई कबाडी गोदाममा भण्डारण गर्ने, डिसमेन्टल गर्ने र त्यसपछि स्क्रेप गलाउने भट्टी अर्थात् फलाम उद्योगमा बिक्रीका लागि पठाउने

नेपालमा बर्सेनि हजारौं टन फलामजन्य वस्तु कबाड बन्ने गरेको तर स्क्रेप गलाउने फलाम उद्योग न्यून मात्रामा भएपनि नेपाली कबाडी भारत निकासी हुँदै आएकोमा पछिल्लो समयमा यो कदमले कबाडी व्यवसायीलाई फाइदा पुगेको र यहाँ रोजगार सिर्जना हुने जानकारी गराए

वीरगंजमा गण्डकदेखि बसपार्क हुँदै रजतजयन्तीको बाइपास रोडमा पहिले सयौं कबाड सञ्चालनमा थिए भने अहिले गण्डक, परवानीपुर, जीतपुर क्षेत्रमा जग्गा भाडामा लिएर कबाडी व्यवसाय शुरू गरिएको छ।

## पर्सामा २५ प्रतिशतले खोप लगाए

प्रस, वीरगंज, २५ असोज/

पर्सा जिल्लामा २५ प्रतिशत जनसङ्ख्याले कोभिडविरुद्धको खोप यसैगरी, दोस्रो चरणको खोप कोभिशिल्ड ९ हजार २६४ जना, भेरोसेल ३९ हजार ४६६ जना र अस्ट्राजेनिका २१ हजार



पर्साको पिपरा स्वास्थ्य चौकीमा खोप लिन लामबद्ध सेवाग्राही। तस्वीरः फाइल

लगाएका छन्।

स्वास्थ्य कार्यालय पर्साका खोप अधिकृत पशुपति यादवले पहिलो र दोस्रो मात्राको खोप गरी २५ प्रतिशतले खोप लगाइसकेको बताए।

उनले कोभिशिल्डको पहिलो मात्रा ३६ हजार १३० जनाले लगाएको, भेरोसेलको पहिलो मात्रा २३ हजार ९३ जनाले लगाएको, अस्ट्राजेनिकाको पहिलो मात्रा २३ हजार ९३ जना र जोनसनको खोप ३३ हजार ४०७ जनाले लगाएको बताए। पहिलो चरणको खोप करीब २८ प्रतिशतले लगाएको उनले बताए। ९८२ जनाले लगाएको खोप अधिकृत यादवले बताए। दोस्रो चरणको खोप २३.३८ प्रतिशतले लगाएको उनले बताएका छन्।

पर्सा जिल्लामा पहिलो चरणको खोप १ लाख २२ हजार ९६० जना र दोस्रो चरणको खोप १ लाख ४ हजार ११९ जनाले गरी २ लाख २६ हजार २६ जनाले खोप लगाइसकेको उनले बताए। पर्सा जिल्लामा १९ वर्षमाथिका चार लाख ४५ हजार ३६८ जनालाई खोप लगाउने लक्ष्य रहेकोमा हालसम्म २ लाख २६ हजार ७९ जनालाई लगाइसकेको उनले बताएका छन्।

## थारूले राजीनामा दिएपछि विद्यालय प्रअ विहिन

प्रस, पोखरिया, २५ असोज/

जिल्ला उच्चाङ्गल रामदेव कलवार प्राविधिक आधारभूत विद्यालयका निमित्त प्रधानाध्यापक विनोद महतो थारूले राजीनामा दिएपछि विद्यालय प्रअविहीन भएको छ।

विद्यालयका प्रधानाध्यापक व्यास महतोले २०७८/०१/०१ मा स्वेच्छिक अवकाश पाएपछि उनले विनोद महतो

(बाँकी अन्तिम पातामा)




## नेपाल शिक्षक महासङ्घद्वारा तलब निकासा नभएको विरोधमा ज्ञापन

प्रस, सेढवा, २५ असोज/


ठोरी गाउँपालिकाले शिक्षक तथा विद्यालय कर्मचारीहरूलाई चौमासिक डेलिकेशनले दशैं, तिहार र छठ जस्तो महान् पर्वमा तलब तथा दशैं खर्च निकासामा ढिलाइ हुँदा धेरै



तलबसहित दशैं खर्च निकासा गर्न ढिलाइ गरेको भन्दै नेपाल शिक्षक महासङ्घ ठोरीले गापाको ध्यानाकर्षण गराएको छ। नेपाल शिक्षक महासङ्घ ठोरीका अध्यक्ष अमृत श्रेष्ठको नेतृत्वको घरपरिवारलाई मर्का परेको भन्दै आपत्ति जनाएको छ। ठोरी गापाका प्रमुख प्रशासकीय अधिकृत कृष्णलाल श्रेष्ठको कार्यकक्षमा गएको प्रतिनिधिमण्डलले

(बाँकी अन्तिम पातामा)


'मास्क लगाऔं सामाजिक दूरी कायम गरि पर्व मनाऔं'



बडादशैं, तिहार र छठ पर्व २०७८ को शुभ उपलक्ष्यमा सुख, समृद्धि, सुस्वास्थ्य एवं व्यावसायिक उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना।

SURYA NEPAL PRIVATE LIMITED

सूर्य नेपाल प्रा. लि. परिवार
सिमरा, बारा

'मास्क लगाऔं सामाजिक दूरी कायम गरि पर्व मनाऔं'



बडादशैं, तिहार र छठ पर्व २०७८ को शुभ उपलक्ष्यमा सुख, समृद्धि, सुस्वास्थ्य एवं व्यावसायिक उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना।

जगदम्बा स्टील इन्डस्ट्रिज प्रा. लि.
परिवार



## विचारसार र सूक्तिहरू

**साँझ परेपछि थकाइले घर माग्छ र जिन्दगीले प्रत्येक बिहानी नयाँ उमङ्ग ल्याउँछ ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


## यसपालिको दशैं

**दशैं अधिसङ्ख्यक नेपालीहरूको प्रमुख चाड हो । समाजमा यो चाड मनाउने धार्मिक दृष्टिकोण व्यापक छ । तर चाडपर्वहरू धार्मिकभन्दा मानिसको जीवनशैलीसँग जोडिएको हुन्छ । त्यसैले जुनसुकै पनि धर्ममा चाडपर्व हुन्छ, त्यसको निश्चित धारणा हुन्छ । चाडपर्वहरूको तारतम्य भूगोल, मानिस र वातावरणसँग मिलेको हुन्छ । त्यसैले कुनै पनि चाडपर्वको मूलमा जाने हो भने स्वास्थ्य, मनोरञ्जन, खुशीयाली, आत्मीयजनबीच भेटघाटजस्ता रमाइला क्षणहरूको संयोजन फेला पर्छ । मानिस दुःखबाट मुक्ति र खुशीसँग आलिङ्गन चाहन्छ । यो हरघडी सम्भव हुँदैन । जति बलशाली भए पनि, एउटा विपन्न निर्धो भए पनि सुख र दुःखको क्रमागत प्रभावबाट पर रहन सक्दैन । बढीमा कसैले अत्यधिक सुख र कसैले अत्यधिक दुःख पाएको हुन सक्छ । त्यसैले सबै दुःखलाई बिर्सेर केही दिनका लागि भए पनि रमाइलो गर्ने, सुख अनुभूत गर्ने अवसर भनेको चाडपर्व हो । यो विश्वको अत्यधिक सभ्य वा जङ्गलमा बस्ने मानव समुदाय सबैले आआफ्नो किसिमले मनाउँछन् । जीवनभरि दुःखले जतिसुकै तर्साएको किन नहोस्, चाडको एक दिनले ती समस्त दुःख बिर्साउन मदत गर्छ ।**

**यस पालि दशैं विशेष किन अनुभूत भइरहेको छ भने पोहोरको दशैं, कोरोनाको जगजगी चलिरहेको बेला परेको थियो । मानिसले दशैं त मनाए, तर दशैंको स्वाद थाहा पाउन सकेनन्; न इष्टमित्र, न नातागोता, न बग्रेल्ती शुभकामना ! मनमा एउटा चुकचुक लागिरह्यो । यस पालि अवस्थामा केही परिवर्तन आएको छ । असोज महीनाका दिनहरू सर्दै जाँदा कोरोनाको सङ्क्रमणमा त्यसै गतिमा कमी आउँदै गएको देखिएको छ । असोजको पहिलो साता ४० हजार सङ्क्रमित सङ्ख्या तेस्रो साता पुग्दा १५ हजारमा झरेको छ। कोरोनाको लामो त्रासले यसबाट जोगिनुपर्छ भन्ने मानसिकता विकसित भएर छाडापनमा धेरै नियन्त्रण भएको त छ नै, प्रत्येक घरमा कोही न कोही सङ्क्रमित भएको र उसको दुःखले मानिसलाई सबक सिकाएको छ । साथै कोरोना सङ्क्रमणविरुद्ध खोप पनि लागिरहेकोले तमाम परिस्थिति दशैं अनुकूल हुन गएको छ । हुनत कोरोनाको प्रभाव शेष रहेको मात्र होइन, नयाँ विकसित किसिमको कोरोना भाइरस आउने हल्लाले मानिसको मन खल्लो पारेको छ । तर त्यो भविष्यको कुरा हो । त्यसैले पनि दशैं विशेष बनेको अनुभूति प्रत्येक हिन्दूको मनमा स्थापित भएको छ ।**

**कोरोनाको दुईवटा चरण पार गर्ने क्रममा मानिस, खासगरी मध्यम वर्गीय परिवारलाई धेरै असर गरेको छ । जसको बन्द–व्यापार छ उससँग रकमको अभाव छ, गरिखाने वर्गले त जेनतेन जनी–मजदूरी पाएको थियो । तर पनि वातावरण खुकुलो भएको छ, मनको उमङ्गमा कसैले, कुनै विपरीत अवस्थाले बित्पात मचाउन सकेको छैन । किनकि चाडपर्व बाहिरी खुशी, सुख, मनोरञ्जनभन्दा बढी आन्तरिक सुखानुभूति पनि हो । यसले मनको विकार सफा गर्छ, मनलाई आशातीत सुखको कल्पना साकार पार्ने शक्ति प्रदान गर्छ । चाडपर्वहरूको नियोजन नै यस प्रकारले गरिएको हुन्छ कि हाम्रोजस्तो बहुविधि मौसम अनुकूल होस् । हाम्रो मन र तनलाई प्रफुल्लित पार्ने, स्वास्थ्यलाई सुदृढ पार्ने, पारस्परिक मित्रता र सम्बन्ध तरोताजा पार्ने काम वातावरणले साथै चाडपर्वहरूले गरिरहेका हुन्छन् । यो दशैंले सबैमा सुख–शान्तिको वृद्धि गरोस्, सबैमा हार्दिक शुभकामना !**

# लालबाबूको लगानी, बालुवामा पानी

मन्तव्य



कुमार रुपाखेती

**आर्थिक चलखेलबाट समानुपातिकको बाटोबाट प्रदेश सांसद बन्नेहरूमा राजनीतिक प्रतिबद्धता र चेतना नभए पनि कताबाट धनवर्षा हुन्छ भन्ने पत्ता लगाउन यिनीहरू माहिर हुन्छन् । प्रदेश २ मा नेता, मन्त्रीदेखि कर्मचारीहरू समेतलाई छिटो धन कुबेर बन्ने सनक नै देखिन्छ ।**

थुप्रै प्रदेशका मुख्यमन्त्री परिवर्तन भएपनि प्रदेश २ मा लालबाबू राउत गद्दी यथावत् छन् । अस्ति विश्वासको मत पनि उल्लेखनीय रह्यो ।

कुनै बखत क्याम्पसका लेक्चर, वीरगंज उपमहानगरपालिकामा कर्मचारीसमेत रहेका उनी आफ्नो काम र व्यवहारले उतिबेला पनि सहकर्मीहरूको चहेता नै थिए । काम, धाम छोडेर उनी तत्कालीन फोरममा सक्रिय बने, सांसद बने र २०७४ सालको निर्वाचन जितेर प्रदेश २ को मुख्यमन्त्री बने । थुप्रै राजनीतिक उतारचढावका बीचमा पनि उनी बलियो र लोकप्रिय नै बने । सातवटै प्रदेशका मुख्यमन्त्रीमध्ये लालबाबू पढालिखा र राजनीतिक चेतना भएका मुख्यमन्त्री मानिन्छन् । सुशासन, प्रदेशमा अमनचयन र भाइचारा बढाउन, समाजमा व्याप्त उँचनीचको भावना हटाउन, प्रदेशको समग्र विकास गर्न उनी प्रयत्नशील देखिन्छन् । एउटा मुख्यमन्त्रीमा चाहिने सबै गुण भएपनि उनमा प्रशासनिक क्षमताको ठूलो कमी देखिन्छ । प्रशासनमा कमान्ड जमाउन असफल उनी बेलाबेलामा कर्मचारीको सहयोग नपाएको गुनासो गरिरहन्छन् । त्यसैले राम्रो गर्ने चाहना हुँदाहुँदा पनि उनका कतिपय कार्यक्रम असफल र बदनाम भएका छन् ।

छोरी बीमा, बेटी बचाऊ बेटी पढाऊ आदि अहिले उनको टाउको दुखाइ बनेको छ । त्यस्तै, उनले मठ, मन्दिर, मस्जिद र सडक निर्माणमा गरेको लगानीसमेत बालुवामा पानी सरह भएको छ । नेपालमा थुप्रै ठेकेदार मोटो रकम कुम्ल्याएर कमजोर सडक, पुल बनाउन माहिर छन् । जानकी मन्दिरमा गरिएको विद्युतीय ठेक्कापट्टामा समेत निकम्मा काम गरेर ठेकेदारहरूले प्रदेश सरकारबाट कुस्त रकम लिए । त्यसैले अहिले नेपालभरि नै प्रदेश नं २ भ्रष्टाचारको अखाडामा परिणत भएको चर्चा छ । कुनै बेला आफ्नै दलको एकलौटी मुख्यमन्त्री रहेका लालबाबू राजनीतिक उठापटकले गर्दा अहिले काङ्ग्रेस, माओवादी र माधव नेपालको दलको वैशाखी टेक्न बाध्य छन् । उनकै मातहत भौतिक योजनामन्त्री हुँदा अब्बल दर्जाको बदनामी कमाएका लोसपाका जीतेन्द्र सोनल अहिले उनको कट्टर आलोचक भएका छन् । मन्त्रीबाट बरखास्त हुँदा सोनलले जनताको आँखामा छारो हाल्न कृष्णप्रसाद भट्टराईको देखासिकी गर्दै हातमा एउटा सुटकेश बोकेर, निन्याउरो मुख लगाएर सरकारी क्वार्टरबाट बाहिरिएका थिए । मुख्यमन्त्री बनेपछि विकास गर्ने, काम देखाउने हतारोले गर्दा सानो अवधिमैं लालबाबूले आर्थिक गतिविधिका थुप्रै कार्यक्रम जनसमक्ष ल्याए । तर उचित निगरानी र उचित अनि भरपर्दो साथ नपाउँदा उनका विकास योजनाहरू कि त अलपत्र परे कि त कर्मचारी र ठेकेदारहरूको बदमाशीले गर्दा बदनाम भए । वीरगंजको नगवा पोखरीको लामो समयदेखिको अव्यवस्था हामीले देखिरहेका छौं । यसपटक पनि नगवा पोखरीको जीर्णोद्धार समयमा नहुने छठ व्रतालुहरूले व्यवस्थित नगवा पोखरीमा छठ गर्न पाउने छैनन् । किनकि त्यहाँ पनि ठेकेदारहरूको लोसे र कछुवा गतिको धिमा काम भइरहेको छ । मुख्यमन्त्री कोषबाट बनेका अन्य थुप्रै विकास निर्माणका कामहरूसमेत लगानी अनुसारको स्तरीयता देखिंदैन ।

उचित निगरानी नभएकाले नै मुख्यमन्त्रीको साइकल वितरणसमेत विवादमा तानिएको छ । अब अख्तियार दुरुपयोग अनुसन्धानको छापामारीको विरोध गर्नु कुनै तुक छैन । किनकि अख्तियारले जहाँ र जहिले पनि छापा मार्न सक्छ, यो कानूनी राज्य हो । त्यसैले अख्तियारको विरोध गरेर सबैले गिज्याउने काम नगर्नु नै बेस हो ।

उनका राम्रा कामहरू ओझेलमा पार्ने, राम्रा कामहरूको आलोचना दबे स्वरमा गर्नेहरू उनका दलमा पनि छन्, जसले गर्दा विपक्षीहरूलाई के खोज्छस् कानो आँखो भने जस्तै छ । उनको दलभित्रै पनि उनको मुख्यमन्त्री पदमा न्याल चुहाउने पनि छन् ।

मुख्यमन्त्री बनेपछि स्थायीरूपमा उनको अघिपछि मडारिने, उनका सल्लाहकार र पिएहरू समेतको आचरण समेत स्वार्थी र उनलाई बदनाम गराउने खालको र आफ्नो झोली भर्ने खालको देखिन्छ । आफ्नै दलका मन्त्री र विद्यालयहरूबाट समेत उनले चाहिने जति सहयोग पाएको देखिंदैन, बरु खाल्डो खन्नेहरू थुप्रै देखिन्छन् । लालबाबूको दलको नेतृत्वमा प्रदेश २ मा मात्र प्रान्तीय सरकार छ, जसले गर्दा उपेन्द्रको दबाब यहाँ चाहिनेभन्दा बढी देखिन्छ । केन्द्रीय अध्यक्षदेखि सदस्यहरूको दबाब झेल्न पनि मुख्यमन्त्री विवश छन् । लेनदेन गरेर मन्त्री, मुख्यमन्त्री बनाउने चलन पनि नेपालमा छ ?

आर्थिक चलखेलबाट समानुपातिकको बाटोबाट प्रदेश सांसद बन्नेहरूमा राजनीतिक प्रतिबद्धता र चेतना नभए पनि कताबाट धनवर्षा हुन्छ भन्ने पत्ता लगाउन यिनीहरू माहिर हुन्छन् । प्रदेश २ मा नेता, मन्त्रीदेखि कर्मचारीहरू समेतलाई छिटो धन कुबेर बन्ने सनक नै देखिन्छ । प्रदेश २ मा एउटा मात्र महानगर वीरगंज हो । तर नेपाल सरकारको मापदण्ड पूरा गर्दै पेट काटेर स्थानीयले यहाँ घर बनाउँदा विभिन्न खोट देखाएर वीरगंज महानगरपालिकाको नक्शाफाँट वालाले नजराना नलिई घर निर्माण सम्पन्न पुर्जा नै दिंदैन । सङ्क्षेपमा भन्ने हो भने विनाघूस यहाँबाट कुनै माईको लालले "सम्पन्न पुर्जा" पाउनै सक्दैन । आफ्नै मन्त्रिपरिषद्, मन्त्रीहरू र मातहतका कार्यालयहरूमा साम, दाम, दण्ड, भेद लागू गर्न नसक्ने मुख्यमन्त्रीले वीरगंज महानगरको बेथितिमा लगाम लगाउन सक्ने कुरै भएन । मुख्यमन्त्री वीरगंज आउँदा समेत उनका अघिपछि सीमित आसेपासेहरूको घेराबन्दी देखिन्छ । घेरा तोडेर वास्तविकताबारे मुख्यमन्त्रीलाई जानकारी गराउनु पहाडसँग टाउको जोताउनु जस्तै हो । अहिलेका जनप्रतिनिधिहरू आफ्नो कार्यकालको अन्तिम पहरामा छन् । यही अन्तिम पहरामा दृढ इच्छासहितको करामत देखाउन सक्नुपर्छ । बौद्धिक मुख्यमन्त्री लालबाबूले यस्तो क्षमता विकास गर्न सक्नुपर्छ । अब मन्त्री नपाउँदा हिजोसम्म चो–चो मिलेका आफन्तहरूले उपेन्द्र यादवको पुतलासमेत जलाए, उपेन्द्रलाई "कालानाग"सम्म भने । यो कालानागको डसाइमा मन्त्रीको ख्वाब देख्ने एकजना सांसद परेका रहेछन् । पर्सा जिल्लाबाट सांसद बनेका सबैलाई मन्त्री बन्ने रोगले गाँजेको देखिन्छ । यस्ता घटनाहरूबाट लालबाबूले धेरै चीज सिक्नु जरुरी छ । आगे आपकी मर्जी तपाईंको लगानी बालुवामा पानी नहोस् । सबैमा बडादशैंको शुभकामना पनि छ ।

**पुनश्च** : अहिले न सङ्घीय सरकारमा न कुनै प्रदेशमा मुस्लिम समुदायबाट कुनै, कोही मन्त्री, मुख्यमन्त्री छैनन् । प्रदेश २ मा मात्र लालबाबू मुख्यमन्त्री छन् । राजनीतिमा र क्षेत्रको विकासका लागि एकमात्र मुस्लिम समुदायको मुख्यमन्त्री बनेका लालबाबूले मुस्लिम समुदाय इमानदार, विकासप्रेमी र नैतिकवान् हुन्छ भनी प्रमाणित गर्नुपर्ने ऐतिहासिक अवसर पनि छ ।

# डिजिटल जोखिममा बालिका

(सन्दर्भ : १०औं अन्तर्राष्ट्रिय बालिका दिवस)

–कालिका खड्का

काठमाडौं, २५ असोज / रासस

"मायाका कुरा गर्ने, अश्लील फोटो माग्ने अनि त्यसैमा ब्ल्याकमेल गर्ने गर्दछन्"– १८ वर्षीय बाँकेकी बालिका अनु रावतले भनिन्–"मेरो साथीले यस्तो समस्या परेर आत्महत्याको प्रयास नै गरिन्, कतिले त आत्महत्या गरेका छन् ।

सामाजिक सञ्जालको सही प्रयोगभन्दा दुरुपयोग बढी भइरहेको छ । त्यसको प्रत्यक्ष मारमा किशोरी परेका छन् । धेरै किशोरीहरू अनलाइनको दुर्व्यवहारमा परेका छन् । जसले गर्दा बालबिवाह, बालहिंसा भइरहेको छ ।

"सूचना प्रविधिको विकाससँगै इन्टरनेटको पहुँच सबैलाई जरूरी छ"– रावतले थपे । "सूचना प्रविधिको विकाससँगै त्यसको सदुपयोग कसरी गर्ने भनेर शिक्षा दिन जरूरी छ ।"

कोभिड–१९ को जोखिमका कारण धेरै विद्यालय शिक्षा अनलाइनमार्फत भइरहेका छन् । बालबालिकाका अनलाइन अर्थात् इन्टरनेटको पहुँचमा छन् । त्यो हुनु जरूरी छ, तर प्रविधिको माध्यमबाट हुने सक्ने दुर्व्यवहारबारे चेतना जगाउन पनि जरूरी छ ।

यस्ता समस्याको साक्षी अनु एक्ली होइनन् । सिन्धुली खुर्कोट–८ की १८ वर्षीय सुमित्रा अछामीलाई पनि धेरै किशोरी अनलाइनको दुर्व्यवहारमा परेको अनुभव छ ।

"धेरै किशोरी अनलाइन दुर्व्यवहारमा परेका छन्"–सुमित्राले भनिन्–"आफूमाथि दुर्व्यवहार भयो भने कसरी जोगिने, किशोरीहरूलाई थाहा छैन, दुर्व्यवहार गर्नेलाई कारबाही हुन्छ भन्ने पनि थाहा छैन ।"

अनलाइनबाट दुर्व्यवहारमा पर्दा उजूरी गर्नुपर्छ । त्यस्ता दोषीलाई कारबाही हुन्छ भन्ने देशभरका धेरै किशोरीलाई जानकारी छैन । जानकारी गराउँदा पनि समाजमा गलत सोच्ने र आफ्नो चरित्रमा प्रश्न उठ्नेजस्ता समस्याले महिलाले समस्या बाहिर ल्याउने गरेका छैनन् ।

साइबर अपराधसम्बन्धी मुद्दाको काठमाडौं जिल्ला अदालतमा मात्र सुनुवाइ हुने व्यवस्था छ । जसले गर्दा पनि यो विषय दूरदराजका मानिसको पहुँच बाहिरको विषय बनेको छ ।

"अनलाइनमा अधिकांश समय बिताउँदा किशोरी यौन दुर्व्यहार र बेचबिखनमा पर्न सक्नेसम्म खतरा देखिएको छ"–महिला आयोगका अध्यक्ष कमला पराजुलीले भनिन्–"सामाजिक सञ्जालको नियामक निकाय जरूरी छ ।"

पछिल्लो समय देशमा सूचना प्रविधिको तीव्र विकास भयो तर त्यो अनुरूप सूचना प्रविधिका राम्रा र नराम्रा कुराबारे मानिसलाई ज्ञान हुन सकेन । मुलुकमा अझै पनि सबै क्षेत्रमा उच्च शिक्षाको पहुँच छैन । साक्षरता दरभन्दा बढी सूचना प्रविधिको विकास भयो । सबैको हातमा मोबाइल, इन्टरनेट छ । त्यसको सदुपयोगभन्दा दुरूपयोग बढी हुन गयो । त्यसको प्रत्यक्ष प्रभावमा अबोध बालबालिका परिरहेका छन् ।

"देशमा जसरी सूचना प्रविधिको विकास तीव्ररूपमा भयो, त्यो अनुरूप विद्यालय वा कलेजमा जानकारी भएन", आयोगका अध्यक्ष पराजुलीले भन्छिन्– "सूचना प्रविधिको सकारात्मक र नकारात्मक पक्षबारे शिक्षण जरूरी छ ।

प्लान इन्टरनेशनल नेपालले बालिका र किशोरीको अनलाइन प्रयोगबारे गरेको अध्ययन प्रतिवेदन–२०२१ अनुसार बालिका दैनिक सात घण्टा अनलाइनमा बिताउने गरेको पाइएको छ ।

अध्ययनमा सहभागी किशोरी र बालिकामध्ये ५५ प्रतिशतले सात घण्टा अनलाइनमा बिताउने गरेको पाइएको छ । उनीहरूले विभिन्न सामाजिक सञ्जालबाट गलत र भ्रामक सूचना पाइने, नचिनेका व्यक्तिले सामाजिक सञ्जालमा अनुरोध पठाउने र कुरा गरेर तनाव दिनेजस्ता कार्य गर्दा व्यक्तिगत जीवनमा प्रभाव परेको अध्ययनमा सहभागी बालिकाहरूले बताएका छन् ।

विभिन्न २६ देशका २६ हजारभन्दा बढी किशोरी र बालिकामा गरिएको अध्ययन अनुसार यस्ता गलत सूचना फेसबूकबाट ६५ प्रतिशत, टिकटकबाट २७ प्रतिशत, ह्वाट्स एपबाट २७ प्रतिशत र युट्युबबाट २७ प्रतिशत हुने गरेको उल्लेख छ ।

प्लान इन्टरनेशनल नेपालले बालिका दिवसका अवसरमा अक्टोबर ५ तारिखदेखि बालिकालाई सूचना प्रविधिबारे ज्ञान दिने र उनीहरूको व्यक्तित्व विकासका लागि कार्यक्रम सञ्चालन गरिरहेको छ ।

"पछिल्लो समयमा इन्टरनेटको आवश्यकता र प्रयोग बढिरहेको छ, बालबालिका तथा किशोरकिशोरीको इन्टरनेटमा बढ्दो सक्रियतासँगै उनीहरू हिंसा र दुर्व्यवहारमा परिरहेका छन्"– प्लान इन्टरनेशनल नेपालका अभियान विशेषज्ञ सिर्जना बर्ज्राचायले भनिन्–हामीले ६ जिल्लाका ३१ पालिकामा बालिकालाई एक दिनका लागि पालिका प्रमुखको पदभार ग्रहण गरी इन्टनेट सुरक्षाको विषयमा जानकारी गराउने कार्यक्रम गर्‍यौं ।"

यसरी गाउँपलिका, नगरपालिका प्रमुख बनाउँदा बालिका तथा किशोरीमा आत्मविश्वास बढ्नुका साथै सम्बन्धित निकायलाई पनि अनलाइनको महत्त्व, जोखिम, सदुपयोगबारे काम गर्न दबाब पुग्ने उनको भनाइ छ ।

उक्त कार्यक्रम सुनसरी, सिन्धुली, बाँके, बर्दिया, जुम्ला, मकवानपुर र कालीकोट जिल्लाका ३१ स्थानीय तहका विभिन्न पदमा रहेर किशोरी तथा बालिकाले पद ग्रहण गरी इन्टरनेटबाट बालिका तथा किशोरीमा हुन सक्ने जोखिम, अनलाइनका फाइदा–बेफाइदा र सदुपयोगबारे जानकारी गराउने काम भयो ।

देशभरका ६२ जना बालिकाले एक दिनका लागि स्थानीय सरकारको प्रमुख, वडाअध्यक्षलगायत विभिन्न पद सम्हालेका थिए । सो क्रममा अनलाइन सुरक्षाका लागि डिजिटल साक्षरतासम्बन्धी शिक्षा आवश्यक रहेको भन्दै सरकारसँग डिजिटल सुरक्षाको माग पनि किशोरीले उक्त अभियानमार्फत

(बाँकी तेस्रो पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४८

## अन्तर्राष्ट्रिय समाचार

# अफगानिस्तानमा भएको आक्रमणमा आइएसको हात

काबुल, ५ असोज/सिन्ह्वा

अफगानिस्तानमा दुई दिन अघि भएको हिंसात्मक आक्रमणमा आइएसको हात रहेको बताइएको छ। तालिबानी सेनाले काबुलमा ५० जनाको ज्यान जानेगरी भएको सो हिंसात्मक विस्फोटमा आइएसको हात रहेको बताएको छ।


तस्वीर: फाइल

अफगानिस्तानका विद्रोही तालिबानीहरूले गत महीना विद्रोह गरेर शासन हत्याएपछि गत शुक्रवार सबैभन्दा हिंसात्मक हमला भएको थियो। एक जना आत्मघाती बम हमलाकारीले उत्तरी अफगानिस्तानको कुन्दुजमा रहेको एउटा मस्जिदमा प्रार्थनाको समय पारेर सो आक्रमण गरेको थियो।

उक्त आत्मघाती हमलामा परी कम्तीमा ५० जना मारिएका अधिकारीहरूले बताएका छन्। अरू दर्जनौं व्यक्ति घाइते भएका छन्। एउटा मस्जिदमा गरिएको सो हमलामा परी मारिएकामा अल्पसङ्ख्यक शिया समुदायका नागरिक रहेका बताइएको छ। यस आक्रमणको हालसम्म कुनै पनि समूहले जिम्मेवारी लिएको छैन।

तर यहााको सत्ता तालिबानले लिएपछि यस अघि पनि इस्लामिक स्टेटले कतिपय स्थानमा हमला गरी नागरिकको हत्या गरेको थियो। रासस

# अफगानी महिलाद्वारा राजनीतिक तथा सामाजिक समावेशिता माग

काबुल, २५ असोज/एएनआई

राजनीतिक तथा सामाजिक क्षेत्रमा समावेशी सहभागिताको व्यवस्था गर्न अफगानिस्तानका महिलाहरूले माग गरेका छन्। दर्जनौं महिला अधिकारकर्मीहरूले सहभागिता र समावेशिताको माग गर्दै राजधानी काबुलमा प्रदर्शनसमेत गरेका छन्।

तालिबानी अन्तरिम सरकारमा महिला सहभागिता नभएको र सरकारले महिला सहभागिताका अन्य कदम पनि नचालेकोमा उनीहरूको विशेष चिन्ता थियो।

"नयाँ सरकार र उनीहरूको शासनकालमा महिलाको हक अधिकार, स्वतन्त्रता, सहभागिता र समावेशिताको विषय अझै पनि अनिश्चित र अन्योलपूर्ण रहेकोले त्यसतर्फ हामीले ध्यानाकर्षण गराएका हौं"–एकजना महिला अधिकारकर्मीले भनिन्। उनका अनुसार अफगानिस्तानमा महिला अधिकार, स्वतन्त्रता र समावेशिताको माग गर्दै १०० भन्दा बढी देशमा प्रदर्शन भएको छ।

विश्वभरिबाट दबाब भएपनि महिला अधिकारको पक्षमा तालिबान सरकारले कुनै उदारता देखाएको छैन। तर महिलाको शिक्षा, रोजगार र राजनीतिक क्षेत्रमा महिला सहभागिता गराउने प्रतिबद्धता भने जनाउँदै आएको छ। विश्व समुदायलाई आफूहरू सुध्रिएको,


तस्वीर : सिन्ह्वा

उदार भएको देखाउन तालिबानी सरकारले मौखिक प्रयास गरेपनि व्यवहारमा भने देखिएको छैन।

तालिबानमा अहिले पनि महिलाहरूलाई रोजगारका लागि र अध्ययन अध्यापनका लागि विद्यालय जान रोक लगाइएको छ। त्यसैगरी राजनीतिक क्षेत्रमा पनि कुनै स्थान दिइएको छैन। तालिबानी विद्रोहीले झन्डै २० वर्षपछि अफगानिस्तानको सत्ता हातमा लिएका छन्। विद्रोहीले राजधानी काबुल कब्जा गर्ने देखिएपछि तत्कालीन राष्ट्रपति अशरफ घानीले देश छाडेकाले सहजै उनीहरूले सत्ता पाएका हुन्। रासस

# ब्रजीलमा फेरि बढ्यो कोरोनाको सङ्क्रमण, एकै दिन १८२ जनाको मृत्यु

साओ पाओलो, २५ असोज/सिन्ह्वा

ब्रजीलमा पछिल्ला समयमा कोभिड–१९ को सङ्क्रमण झनै बढेको पाइएको छ। ब्रजीलका स्वास्थ्य अधिकारीहरूले स्वास्थ्य अधिकारीहरूले जानकारी दिएका थिए। तर पछिल्लो वर्ष कोरोना सङ्क्रमणबाट मृत्यु हुनेको सङ्ख्या घटेको थियो। आइतवार मात्र अघिल्लो २४


तस्वीर: रायटर्स

दिएको जानकारी अनुसार गएको २४ घण्टामा मात्र १८२ जनाको ज्यान गएको छ।

धेरै लामो समयपछि यहाँ एकै दिन यति धेरै नागरिकको ज्यान गएको स्वास्थ्य अधिकारीहरूले जनाएका छन्।

यहाँ कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या ६ लाख नाघेको छ। अधिकारीहरूका अनुसार यहाँ कोरोना भाइरसबाट मृत्यु हुनेको सङ्ख्या ६ लाख १ हजार ११ जना पुगेको छ। गत वर्ष एकै दिन दुई हजारभन्दा बढीको पनि ज्यान गएको घण्टामा कोरोना भाइरसबाट १८२ जनाको ज्यान गएको थियो।

त्यसैगरी गएको २४ घण्टामा कोरोना भाइरसको प्रकोपबाट सङ्क्रमित हुनेहरूको सङ्ख्या ८ हजार ६८७ रहेको थियो। योसँगै यो भाइरसबाट सङ्क्रमित हुनेहरू यहाँ २ करोड १५ लाख नाघेको बताइएको छ। ब्रजीलको स्वास्थ्य मन्त्रालयले दिएको जानकारीमा यहाँ पछिल्लो समय सङ्क्रमित हुनेको सङ्ख्या बढेको पाइएको छ। त्यसैगरी मृत्यु हुनेको सङ्ख्या पनि केही हप्ता यतादेखि बढ्न थालेको देखिएको छ।

साओ पाओलो शहर शुरूदेखि नै यो सङ्क्रमणको केन्द्रविन्दु रहिआएको छ। ब्रजील कोरोना भाइरस सङ्क्रमणको कारण संयुक्त राज्य अमेरिकापछि सबैभन्दा बढी नागरिकको ज्यान जाने देशको रूपमा परेको छ। रासस

## आजको राशिफल

| | |
|---|---|
| मेष – प्रगति | वृष – वादविवाद |
| मिथुन – यात्रालाभ | कर्कट – कडापरिश्रम |
| सिंह – सुसमाचार | कन्या – उदरपीडा |
| तुला – विजय | वृश्चिक – धनलाभ |
| धनु – भाग्योदय | मकर – बेचैनी |
| कुम्भ – मनोरञ्जन | मीन – सफलता |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


## रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे



वीरगंज महानगरमा लागेको दशैं बजारमा परम्परागत जिलेबी बिक्री गर्दै। तस्वीर: राजेश मिश्र

# फूलपाती

काठमाडौं, २५ असोज/रासस

प्रत्येक वर्ष दुर्गा पक्ष अन्तर्गत आश्विन शुक्ल सप्तमीका दिनमा मनाइने फूलपाती पर्व आज घरघरमा शास्त्रीय विधि अनुसार शुभ साइतको प्रतीक फूलपाती भित्र्याएर मनाइँदैछ।

घटस्थापनाका दिनदेखि वैदिक विधिपूर्वक दुर्गालाई आह्वान गरी पूजाआजा गरिएको दशैं घर अथवा पूजा कोठामा शुभ साइतको प्रतीकका रूपमा उखु, हलेदो, केराको बोट, धानको बाला, बेलपत्र, दारिम, जयन्ती, अशोकको फूल र मानवृक्ष भित्र्याउने गरिन्छ।

नवपत्रिकाको नामले चिनिने फूलपाती नववटी देवीको प्रतीकका रूपमा भित्र्याइ शास्त्रीय विधि अनुसार शक्तिको आराधनाका साथ पूजा गर्ने वैदिक विधि रहेको नेपाल पञ्चाङ्ग निर्णायक समितिका पूर्वअध्यक्ष एवं धर्मशास्त्रविद् प्राडा रामचन्द्र गौतमले जानकारी दिए।

"केरामा ब्रह्मायणी, दारिममा रक्तदन्तिका, धानमा लक्ष्मी, हलेदोमा दुर्गा, मानवृक्षमा चामुण्डा, उखुमा कालिका, बेलपत्रमा शिवा, अशोकमा शोकरहिता र जयन्तीमा कात्तिकी देवीको आह्वान गरी पूजा गरिन्छ, यी देवी नवदुर्गाका पार्षद् अर्थात् सहायक हुन्, उनले भने। फूलपाती भित्र्याएपछि नौवटै देवीको विधिपूर्वक पूजा आराधना गरिन्छ। फूलपाती भित्र्याउनका लागि साइतको आवश्यकता नपर्ने पनि धर्मशास्त्रविद् गौतमले जानकारी दिए।

आश्विन शुक्ल प्रतिपदाका दिनमा वैदिक विधिपूर्वक घटस्थापना गरी जमरा राखेपछि शुरू हुने नेपालीहरूको महान् चाड दशैं अर्थात् दुर्गापूजाको सामाजिक चहलपहल भने आजैका दिनदेखि बढ्ने गर्दछ। आजैका दिनदेखि सरकारी कार्यालय पनि बिदा हुने भएकाले विभिन्न



पेशा र व्यवसायमा संलग्न मानिस सपरिवार बसेर दुर्गा भवानीको प्रसादका रूपमा टीका थाप्न आआफ्नो घर फर्कने क्रम अझ तीव्र हुने गर्दछ।

नेपालका ग्रामीण भेगमा आजैका दिनदेखि दोबाटो, चौतारो र चौबाटाहरूमा हालिने लिङ्गे पिङ, जाँते पिङ र रोटे पिङले दशैंको रौनकतालाई अझ बढाउने गर्दछ।

## प्रसौनीमा एमालेको शुभकामना

प्रस, परवानीपुर, २५ असोज/

बारा, प्रसौनी गाउँपालिका–७ बलुवा टोलमा नेकपा एमालेको शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भएको छ।

नेकपा एमालेको गाउँकमिटीद्वारा आयोजित कार्यक्रममा एमालेका नेता कार्यकर्ताहरूले घरघरमा पुगेर सबैसँग भेटेर शुभकामना आदानप्रदान गरेको गाउँ कमिटी अध्यक्ष विनोद जैसवालले जानकारी गराए।

प्रदेश कमिटी सदस्य जयप्रकाश यादवको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा प्रसौनी गापा–१ का अध्यक्ष लालबाबू मुखिया, प्रदेश कमिटी सदस्य सोचन यादव, स्थानीयहरू जङ्गबहादुर यादव, नागेन्द्र साह, प्रसाद यादव, प्रभु दास, ईश्वर गुप्ता, विकेश साहलगायतको सहभागिता थियो।

# पोखरियामा सरसफाइ

प्रस, पोखरिया, २५ असोज/

न्यू जनशक्ति युवा क्लब पोखरियाले सरसफाइ गरेको छ।




पोखरिया नगरपालिका–४ शिवमन्दिरबाट शुरू गरिएको सरसफाइ नगरभरि गरिएको थियो।

कार्यक्रममा पोखरिया नगरपालिकाकी उपप्रमुख सलमा खातुन, वडाध्यक्ष लक्ष्मणसाह कानू, लोकतान्त्रिक समाजवादी पार्टीका नेता निजामुद्दीन समानीलगायतको सहभागिता थियो। सफाइ कार्यक्रम क्लबका अध्यक्ष रामबाबू चौहानको अध्यक्षतामा भएको थियो।

## डिजिटल जोखिम.....

गरेका छन्।

सरकार सामाजिक सञ्जाल नियन्त्रण तथा नियमनसम्बन्धी कानून बनाउने क्रममा छ। त्यसका लागि देशभरबाट आवश्यक परमर्श हुने काम भइरहेको छ।

बालिकाको शैक्षिक, सामाजिक विकास र उनीहरूको संरक्षण गर्ने उद्देश्यले संयुक्त राष्ट्रसङ्घले सन् २०१२ अक्टोबर ११ देखि बालिका दिवस मनाउन थाल्यो।

त्यही दिवसका अवसरमा नेपालसहित विश्वभर नै अन्तर्राष्ट्रिय बालिका दिवस मनाइन्छ।

यस वर्ष बालिका तथा किशोरीका लागि अनलाइन सुरक्षासँग सम्बन्धित रहेर 'डिजिटल जेनेरेशन, आवर जेनेरेशन' भन्ने नारासहित विश्वभर १०औं अन्तर्राष्ट्रिय बालिका दिवस मनाइँदैछ।

कोभिड–१९ का कारण विश्वभर नै बालबालिका इन्टरनेटबाटै अध्ययन गर्न बाध्य छन्। विश्वमैं बालबालिका एउटा घरमा बन्धक भएको अवस्था भयो, जसले गर्दा बालबालिका मानसिक रूपमा पनि असर पऱ्यो।

कोभिड–१९ महामारी तेस्रो वर्षमा प्रवेश गरेसँगै बालबालिका र युवाको मानसिक स्वास्थ्य र भलाइमा ठूलो प्रभाव पर्ने क्रम जारी छ। युनिसेफको पछिल्लो उपलब्ध तथ्याङ्क अनुसार विश्वव्यापीरूपमा सातजनामध्ये कम्तिमा एकजना बालबालिका बन्दाबन्दीबाट प्रत्यक्षरूपमा प्रभावित भएका छन् भने एक अर्ब ६० करोडभन्दा बढी बालबालिकाले शिक्षाको अवसर गुमाएका छन्।

अस्तव्यस्त दिनचर्या, शिक्षा, मनोरञ्जन, साथसाथै पारिवारिक आय र स्वास्थ्यको चिन्ताजस्ता बाधाले गर्दा धेरै युवाले डर, क्रोध र आफ्नो भविष्यप्रति चिन्ता महसूस गरिरहेका उल्लेख छ।

इन्टरनेटविनाको संसार अहिले परिकल्पना पनि गर्न नसक्ने भएको छ। सूचना प्रविधिको प्रयोग गर्ने–नगर्नेभन्दा पनि त्यसको दुरूपयोग रोक्नुपर्छ। सामाजिक सञ्जालदेखि सबै इन्टरनेट प्रदायक सेवा सुरक्षित बनाउन जरूरी छ।

"सूचना प्रविधिको तीव्र विकास चुनौतीले ल्याएको अवसर हो"–राष्ट्रिय महिला आयोगकी अध्यक्ष पराजुलीले थपिन्–"कोभिडको महामारीमा अनलाइन शिक्षा, इन्टनेट बाध्यता भयो, तर सुरक्षित बनाउन सबै निकायले ध्यान दिनुपर्छ।"

इन्टरनेटको विकाससँगै बालबालिकालाई सही को हो ? गलत के हो ? भन्ने विषयमा विद्यालयस्तरदेखि नै कक्षा सञ्चालन गर्नुपर्छ। प्रविधिमैत्री समाज बनाउँदा प्रविधिको उचित प्रयोगबारे ज्ञान दिन पनि जरूरी छ। तीनै तहका सरकार, सरोकारवाला निकाय र अभिभावकले पनि आफ्ना बालबालिकालाई इन्टरनेटको पहुँचबाट सुरक्षित राख्नका लागि ध्यान दिन जरूरी देखिन्छ।



धान कटनी गर्ने हार्भेस्टर मेशिनमा खेल्दै जीराभवानी गाउँपालिका-२ का बालबालिकाहरु । तस्वीर: ओमप्रकाश चौधरी

# वीउवासङ्घद्वारा शुभकामना आदानप्रदान

प्रस, परवानीपुर, २५ असोज/

वीरगंज उद्योग वाणिज्य सङ्घको आयोजनामा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा वीरगंजका उद्योगी-व्यवसायी, सुरक्षा निकाय, समाजसेवी तथा राजनीतिकर्मीलगायतले एकापसमा मिलेर शुभकामना आदानप्रदान गरेका थिए ।

कार्यक्रममा वीरगंजका वरिष्ठ उद्योगपति बाबुलाल चाचान, आत्माराम काबरा, हीरालाल केडिया, वीरगंज उद्योग वाणिज्य सङ्घका पूर्वअध्यक्ष गणेश लाठ, अशोक टेमानी, प्रदीप केडिया, नेपाली काङ्ग्रेस पर्साका सभापति अजयकुमार द्विवेदी, नेकपा एमाले पर्साका अध्यक्ष प्रभु हजरा, प्रदेश सांसद प्रह्लाद गिरी, भीमा यादव, प्राध्यापक सुषमा तिवारी, नेपाल पत्रकार महासङ्घका अध्यक्ष अनुप तिवारी, पर्साका प्रहरी उपरीक्षक बेलबहादुर पाण्डे, प्रदेश २ ट्राफिक प्रहरी कार्यालय पथलैयाका प्रहरी उपरीक्षक हिमालय श्रेष्ठलगायत विभिन्न क्षेत्रका अगुवाहरूको सहभागिता थियो ।

वीउवासङ्घका अध्यक्ष सुबोध गुप्ताको संयोजनमा भएको कार्यक्रममा वरिष्ठ उपाध्यक्ष हरि गौतम, उपाध्यक्षद्वय अनिल अग्रवाल, माधव राजपाललगायत पदाधिकारी, नेपाली युवा उद्यमी मञ्चका पदाधिकारी, वीरगंजका बैंकर्सलगायतको सहभागिता थियो ।





कार्यक्रममा सहभागीहरू । तस्वीर: प्रतीक

**२०७८ कात्तिक २५ देखि मङ्सिर ९ गतेसम्म हुने राष्ट्रिय जनगणना २०७८ सफल पारौं ।**

कोही नछुटौं, कोही नदोहरिऔं ।

बसोबास गरेकै ठाउँबाट आफ्नो विवरण लेखाऔं ।

घरघरमा आउने गणकलाई सही र वास्तविक सूचना उपलब्ध गराऔं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

## थारूले राजीनामा...

थारूलाई निमित्त प्रअको जिम्मेवारी दिएका थिए ।

तर पोखरिया नगरपालिकाले २०७८/०२/०२ मा ओमप्रकाश रौनियारलाई निमित्त प्रअ नियुक्त गरेपछि विवाद भएको थियो र विनोद महतो थारूले सोविरुद्ध उच्च अदालतमा रिट दायर गरेका थिए ।

अदालतको २०७८/०२/२० को आदेश अनुसार प्रअ थारू निमित्त प्रअमा पुनः नियुक्त भएपनि उनको कुरा शिक्षकहरूले नटेर्ने र आर्थिक कारोबारहरूको जिम्मेवारी नपाउँदा विद्यालय सञ्चालनमा समस्या भएपछि प्रअ थारूले असोज २३ गते राजीनामा दिएका थिए ।

प्रअ थारूले राजीनामा दिएपछि अहिले विद्यालय प्रअविहीन भएको छ । विद्यालयमा वैशाखदेखि प्रअको विवादले अध्यापन नियमित हुन सकेको छैन । शिक्षक नआउने, आएका शिक्षकहरूले पनि नपढाउने जस्ता बेथितिले विद्यालयको कामकारबाई प्रभावित भएको छ ।

## नेपाल शिक्षक महासङ्घ....

यसपालिको दशैंअगाडि तलब निकासा नहुने भन्ने बुझेपछि निराश भएको बताएको थियो । कोलेनिकाले निकासा नदिएको जवाफ प्रमुख प्रशासकीय अधिकृत श्रेष्ठले दिएपछि गापाको लापरवाही र अदूरदर्शिताको कारण निकासा नभएको भन्दै नेपाल शिक्षक महासङ्घले प्रेस विज्ञप्ति जारी गर्दै सो कार्यको विरोध जनाएको हो । नेपाल शिक्षक महासङ्घ ठोरीका अध्यक्ष अमृत श्रेष्ठले जारी गरेको विज्ञप्तिमा नेपालीहरूको महान् पर्व दशैं, तिहार र छठमा पनि खाइपाइ आएको तलब र दशैं खर्च निकासा नहुनुमा ठोरी गापाको अकर्मण्यता, अदूरदर्शिता तथा हेपाहा प्रवृत्ति भएको उल्लेख छ । एक हप्ताअघिदेखि नै गापामा आफूहरूले तलब निकासाका लागि ताकेता गर्दागर्दै पनि गापाले तलब निकासामा बेवास्ता गरेको भन्दै ठोरी गापाको लाचारीपनप्रति घोर भर्त्सना गरिएको जारी विज्ञप्तिमा उल्लेख गरिएको छ ।

गापा कार्यालयमा गएको प्रतिनिधिमण्डलमा नेपाल शिक्षक महासङ्घ ठोरीका अध्यक्ष अमृत श्रेष्ठ, उपाध्यक्ष गोपीलाल श्रेष्ठ, नेपाल शिक्षक महासङ्घ पर्साका सहसचिव तथा ज्ञानज्योति माविका प्रधानाध्यापक पिताचन्द्र ढुङ्गेल, नेपाल शिक्षक सङ्घ ठोरीका अध्यक्ष चिरञ्जीवी सापकोटा, वनशक्ति आधारभूत विद्यालयका प्रधानाध्यापक त्रिलोचनप्रसाद पराजुली, सरस्वती आधारभूत विद्यालयका प्रधानाध्यापक झमकबहादुर श्रेष्ठ, नेराप्रावि इच्छानगरका प्रधानाध्यापक लक्ष्मण बस्नेतलगायतको सहभागिता थियो ।

# खेलकूदको संसार

## स्व रामबहादुर श्रेष्ठ दोस्रो गोल्डकप फूटबल वनशक्तिलाई हराउँदै निर्मल युवा समाज फाइनलमा

प्रस, सेढवा, २५ असोज/

विजयबस्ती फूटबल क्लबद्वारा आयोजित समाजसेवी स्व रामबहादुर श्रेष्ठ दोस्रो गोल्डकप फूटबल प्रतियोगिता अन्तर्गत सोमवार भएको सेमिफाइनल खेलमा टाइब्रेकरबाट निर्मल युवा समाज विजयी भएको हो ।

तस्वीर: प्रतीक







मध्यान्तरपछि वनशक्ति युवा क्लब ठोरी-२ लाई टाइब्रेकरमा पराजित गर्दै निर्मल समाज फाइनलमा प्रवेश गरेको छ ।

खेलको निर्धारित समयमा कुनै टीमले गोल गर्न नसकेपछि खेल टाइब्रेकरबाट निर्णय गरिएको हो ।

अत्यन्त प्रतिस्पर्धात्मक खेलमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडीहरू सहभागी थिए ।

खेलमा निर्मल युवा समाजका गोलकीपर अनिष देउला 'म्यान अफ दी म्याच' घोषणा भए । देउलालाई संविधानसभा सदस्य जयप्रकाश थारूले दुई हजार रुपैयाँको चेकसहित ट्रफी प्रदान गरे । भोलिको दोस्रो सेमिफाइनल खेल वीरगंज युनाइटेड र सुवर्ण युवा क्लब ठोरी-५ सुवर्णपुरबीच हुने आयोजकले जनाएको छ ।

# सामुदायिक पुस्तकालय सञ्चालनमा

प्रस, पोखरिया, २५ असोज/

पोखरिया नगरपालिकामा रहेको पोखरिया सामुदायिक पुस्तकालय सञ्चालनमा आएको छ । डेढ वर्षअघि पोखरिया नगरपालिकाले पुस्तकालयको स्वामित्व ग्रहण गरेपछि पुस्तकालय भवनमा कार्यालय सञ्चालन गरेको र पुस्तकालय बन्द गरिएको थियो ।

पुस्तकालयका सामग्रीहरू जिल्ला उच्चाङ्गल रामदेव कलवार आधारभूत प्राविधिक विद्यालयको एउटा कोठामा राखिएको थियो । डेढ वर्षपछि नगरपालिकाले पुस्तकालय भवन निर्माण गरी पुस्तकालय सञ्चालनमा ल्याएको छ ।

पुस्तकालयका संयोजक सुजित गिरीले असोज १० गतेदेखि पुस्तकालय डेढ वर्षपछि सञ्चालनमा आएको बताए ।










लोकनारायण यादव (नगरप्रमुख)
पर्सागढी नगरपालिका हरपुर परिवार





हरीनारायणसाह कानू (अध्यक्ष)
सावित्री देवी (उपाध्यक्ष)
वडाध्यक्षहरू: मिश्री महतो, इशरीसाह तेली, अनिल राम, गजेन्द्र पटेल, रामेश्वर साह कलवार एवं
परवानीपुर गाउँपालिकाको कार्यालय, बारा परिवार





जगरनाथपुर गाउँपालिकाको कार्यालय, पर्सा परिवार